REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs. 05.01.2026

- State youth contingent

मुख्यमन्त्री प्रेमसिंह तामाङले आज सम्मान भवनमा आयोजित एक विशेष कार्यक्रमबीच एक्काउन सदस्यीय सिक्किम राज्य युवा टोलीलाई विकसित भारत युवा नेता संवाद २०२६-नामक राष्ट्रिय युवा उत्सवको राष्ट्र स्तरीय प्रतियोगितामा सहभागिता जनाउनका निम्ति प्रस्थान गराउनुभयो। यो देशभरिका युवा नेताहरूलाई एकैसाथ ल्याउने एउटा प्रतिष्ठित मञ्च हो।

यसअघि उहाँले सम्पूर्ण टोलीप्रति सफलको शुभकामना व्यक्त गर्नुभयो। मुख्यमन्त्रीले खेलाड़ीहरूले सिक्किमको आकांक्षा, रचनात्मकता र नेतृत्व क्षमताको प्रतिनिधित्व गर्ने बताउँदै उनीहरूले राज्यको गौरवलाई कायम राख्नका साथै प्रधानमन्त्री नरेन्द्र मोदी समक्ष नवीन विचारहरू प्रस्तुत गरेर राष्ट्रिय संवादमा अर्थपूर्ण योगदान दिने विश्वास व्यक्त गर्नुभयो।

श्री तामाङले भन्नुभयो, सिक्किम सरकार राष्ट्रको भविष्य निर्माणमा अघि बढ्रिरहेका युवाहरूलाई समर्थन र सशक्त बनाउन दृढ प्रतिबद्ध छ।

यस अवसरमा बोल्दै श्री तामाङले भन्नुभयो, यस प्रतिष्ठित राष्ट्रिय प्रतियोगितामा भाग लिने देशभरिका पचास लाखभन्दा अधिक सहभागीहरूमध्येबाट हाम्रा युवा प्रतिनिधिहरू छनोट हुनु हाम्रो राज्यका निम्ति गर्वको विषय हो।

मुख्यमन्त्रीले देशका युवाहरूका निम्ति प्रेरक अवसर प्रदान गर्नमा रहेको प्रोत्साहन र निरन्तर सहयोगका निम्ति केन्द्रिय श्रम तथा रोजगार एवं युवा मामिला तथा खेलकुद मन्त्री डाक्टर मनसुख माण्डवियाप्रति आभार व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, यो पहलले युवालाई सशक्त बनाउनका साथै विकसित भारतको दृष्टिकोणलाई आकार दिन प्रत्यक्ष रूपमा संलग्न गराउने भारत सरकारको प्रतिबद्धतालाई दर्शाउँदछ।

--------------------------------------X--------------------------------------

- Water ATM

स्वास्थ्य तथा संस्कृति विभाग मन्त्री GT ढुङ्गेलले आज STNM अस्पताल परिसरमा Water ATM-को उदघाटन गर्नुभयो। मानिसहरूले यस ATM-बाट तातो र चिसो दुवै प्रकारको शुद्ध पिउने पानी लिन सक्नेछन्।

सार्वजनिक स्वास्थ्य सुविधालाई सहज बनाउने र बिरामीको कल्याणमा सुधार गर्ने राज्य

सरकारको प्रतिबद्धतालाई सुदृढ पार्दै गान्तोक जिल्ला प्रशासनले एउटा निजी कम्पनिद्वारा निगमित सामाजिक जिम्मेवारीअन्तर्गतको सहयोगमा यसको स्थापना गरेको हो।
यस पहलको उद्देश्य राज्यको प्रमुख अस्पतालभित्र बिरामीहरू, उनीहरूका परिजन र स्वास्थ्य कर्मीहरूमा सुरक्षित र स्वच्छ पिउने पानी पहुँच सुनिश्चित गर्नु हो।

--------------------------------------X--------------------------------------

- ExMS Instruction

अनुग्रह राशि व्यवस्थापन प्रणाली शुरू भएपछि, मंगनको जिल्ला प्रशासनले ExGratia Citizen App-को माध्यमबाट अनुग्रह राशि सहायताका निम्ति आवेदनबारे जिल्लावासीलाई मार्गदर्शन गर्न निर्देशनात्मक भिडियो साझा गरेको छ। यस जिल्लाका नागरिकसित आवेदन बुझाउनअघि कुनै पनि गल्ति र ढिलाइबाट बाँच्न Government of Sikkim नामक सिक्किम सरकारको फेसबुक पेजमा गएर दिशानिर्देशसहित आज जारी गरिएको भिडियो हेर्न अनुरोध गरिएको छ।
यो एप पारदर्शिता, अनुहा बिहिन र विशेषगरी यस जिल्लाको दुर्गम अनि आपदा प्रभावित क्षेत्रका मानिसहरूका लागि समयमै अनुग्रह राशि वितरण सुनिश्चित गर्न विकास गरिएको हो।
यसबारे जानकारी र सहायताका लागि मानिसहरूले एपमा रहेको गुनासो विकल्पको प्रयोग गर्नका साथै मंगन जिल्लापाल कार्यालयअन्तर्गत IT शाखामा सम्पर्क गर्न सक्नेछन्।

--------------------------------------X--------------------------------------

- Joint Inspection on Maghey Mela 2026

सालघारी-जुमका विधायक मदन सिञ्चुरीको नेतृत्वमा आगामी माघे मेला २०२६-को तयारी अनि उत्सवको सुचारू, सुरक्षित र सांस्कृतिक रूपमा जीवन्त प्रकारले सञ्चालनको सुनिश्चित गर्न आज नयाँ बजारको संयुक्त निरीक्षण गरियो।
यसअवधि माघे मेलाको समग्र योजना र आवश्यक समन्वयनबारे व्यापक चर्चा हुनका साथै नयाँ बजारको वन जाँच चौकी नजिक प्रबन्ध गरिएको पारम्परिक तथा जैविक फल-फूलको माघे फलार बजारबारे विशेष जोड़ दिइयो। यहाँ हुने स्टलको उचित व्यवस्थापन, भिड़ प्रबन्धन, स्वच्छता मानक तथा स्थानीय कृषक र उत्पादको प्रवर्द्धनबारे पनि यस अवसरमा चर्चा भयो।
समीक्षा टोलीले सन्ध्या आरति स्थलमा सुरक्षा प्रबन्धन लगायत अन्य विषयसहित ट्राफिक र वाहन बिसौनी प्रबन्धनबारे पनि व्यापक चर्चा गरेको छ।
निरीक्षणको क्रममा माघे मेला शुरू हुन अघावै सबै व्यवस्था मिलाइएको सुनिश्चित गर्न सम्बन्धित विभागहरूसित निकट समन्वयमा काम गर्न, समयसीमा पालना गर्न र समीक्षा अनुगमन गर्न निर्देश पनि दिइयो।

- <u>Oath Taking of Pipons</u>

मंगनका जिल्लाधिश अनन्त जैनले आज लाचुङ जुमसाका नवनिर्वाचित पिपनहरूलाई शपथ दिलाउनुभयो। गत वर्ष बीस दिसम्बरमा सम्पन्न चुनाउमा निर्वाचित पिपनहरूमा खेदुम खण्डबाट छुङ्टुक छिरिङ लाचुङपा र लेमा खण्डबाट सोनाम छिरिङ लाचुङपा हुनुहुन्छ। जिल्लाधिशको च्याम्बरमा सम्पन्न शपथ ग्रहण समारोहपछि निर्वाचित पिपनहरूलाई प्रमाणपत्र प्रदान गरियो।

--------------------------------------X--------------------------------------

- <u>All India CM Gold Cup</u>

जोरथाङ खेलमैदानमा आजबाट अखिल भारतीय मुख्यमन्त्री स्वर्णकप फुटबल प्रतियोगिता शुरू भएको छ। यस प्रतिष्ठित प्रतियोगिताले फुटबल क्षेत्रलाई प्रवर्द्धन गर्नका साथै खेलकुदमार्फत एकता र आपसी सद्भावलाई सुदृढ पार्ने उद्देश्य राखिएको छ। आजको उदघाटनीय खेलमा रेड पाण्डा, नाम्चीले न्यू टाउन अकादेमी कलकत्तामाथि विजय दर्ता गऱ्यो।

कार्यक्रमका मुख्य अतिथि सिक्किम विधानसभा अध्यक्ष MN शेर्पाले खेलकुदले युवाहरूमा अनुशासन, टोलीको भावना र स्वस्थ जीवनशैली विकास गर्न महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

सालघारी-जुमका विधायक मदन सिञ्चुरीको पनि विशेष उपस्थिति रहेको प्रतियोगिताले नयाँ प्रतिभालाई अवसर प्रदान गर्ने र खेलभावना अनि अन्तरराज्यीय सम्बन्ध सुदृढ पार्ने अपेक्षा गरिएको छ।

--------------------------------------X--------------------------------------